# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ६, मिति २०८१ माघ २३ गते

## भाग-२
## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सुत्केरीसंग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

सुत्केरी अवस्था भनेको बच्चा जन्मे देखि ४२ दिन सम्मको अवस्थालाई भनिन्छ । महिला गर्भवति भएदेखि बच्चा २ वर्ष नहुन्जेल सम्मको समयाबधिलाइ सुनौलो हजारदिन भनिन्छ । यस अवस्थामा बच्चाको ८० प्रतिशत दिमागको विकास यहि सुनौलो हजार दिन. भित्र भईसक्छ र यस अवधिमा गर्भवती महिला, सुत्केरी आमा र २ वर्ष मुनिका बच्चाको पोषिलो खाना,सरसफाई र राम्रो स्याहार तथा हेरविचार गर्नाले पछि गएर बच्चाको काम गर्न सक्ने क्षमतामा राम्रो प्रभाव पर्दछ । यस समयमा शारीरिक र मानसिक वृद्धिमा परेको क्षति जीवन पर्यान्त असर पुर्याउने र सुधार गर्न नसकिने खालको हुन्छ त्यसैले यहि असरहरुलाई समयमैं गरिएको सावधानीले बालबालिकालाई पटक पटक विरामी

हुनबाट रोकी बलियो र फुर्तिलो बनाउदछ । यसर्थ नियमित गर्भ जाँच, संस्थागत सुत्केरी र मातृ तथा नवशिशुको पोषण अवस्थाको सुदृढ गर्ने हेतुले नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु र अन्य सरकारी संस्थाहरुमा सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितिमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वस्थ्य राख्न आमाहरुको उच्च सहभागिताको सुनिश्चतता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न बान्छनिय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बौदीकाली गाउँपालिका 'गाउँ कार्यपालिकाले **सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८१** बनाइएको छ । यो कार्यविधि मिति २०८१-०४-०१ गते बाट लागु हुनेछ ।

१. **संक्षिप्त नामः** यो कार्यविधिको नाम **"सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि,२०८१"** रहेको छ ।

२. **परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"उपाध्यक्ष"** भन्नाले बौदीकाली गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले बौदीकाली गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"स्वास्थ्य संस्था"** भन्नाले बौदौकाली गाउँपालिकाको हरेक वडामा रहेको स्वास्थ्य संस्था सम्झनु पर्छ ।

३. **उद्देश्य :**

(१) सुत्केरी महिला तथा बालबालिकाहरुलाई तत्कालिन रुपमा न्यूनतम पोषणयुत्त सामाग्री उपलब्ध गराउने ।

(२) मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न ।

(३) सुत्केरी आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र संस्थागत सुत्केरी सेवा लिनको लागि अभिप्रेरित गर्न ।

(४) मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानिय स्वास्थ्य संस्थाबिच सहकार्य बढाउन (५) नवजात शिशु तथा मातृ मृत्युदर घटाउन र गलत सामाजिक अभ्यास, कुरितिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन।

(६) गरिब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित वर्गका महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न ।

(७) प्रजनन स्वास्थ्य एक आधारभुत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार

(८) स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न भएको कुरा समुदायको लक्षित वर्गसम्म जानकारी गराउन तथा उनीहरुलाई यसको बारेमा सचेत गराउन ।

(९) पोषणा युक्त खाना खानुपर्दछ भन्ने जानकारी प्रदान गर्न ।

**४. कार्यक्रम संचालन गर्न सकिने स्थानः** बौदीकाली गाउँपालिका अन्तर्गतका ६ वटै वडामा संचालन गरिनेछ ।

**५. पौष्टिक आहार प्रदान गर्न सकिने आधारहरुः**

(१) यो कार्यक्रम प्रत्येक आ.ब. मा सुत्केरी हुने आमाको हकमा मात्र लागु हुनेछ ।

(२) यो कार्यक्रममा सहभागी हुन बौदीकाली गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाबाट सुत्केरी महिलाहरुको प्राप्त विवरण बमोजिम समाबेश गरिनेछ ।

**६. पोषणयुक्त आहार सामग्रीहरुः**

(१) कार्बोहाइड्रेट पाइने तत्व

(२) प्रोटिन पाइने तत्व

(३) चिल्लो पदार्थ

(४) भिटामिन ए

**७. विविध :** बाधा अड्काउ फुकाउन सक्ने यस कार्यविधिको कार्यान्वयन को क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमाणीकरण मिति : २०८१/१०/२३

आज्ञाले<br>
उज्वल बहादुर बस्नेत<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
बौदीकाली गाउँपालिका